सरावल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

प्रदेश नं. ५, नेपाल

मिति :२०७७/०५/१६

च.नं.

पत्र संख्या : ०७७/०७८

## कोरोना भाईरस (कोभिड-१९) को संक्रमण रोकथाम नियन्त्रणका लागी सरावल गाउपालिकावाट जारी अत्यन्त जरुरी सुचना !!!

कोरोना भाईरस(कोभिड-१९) को संक्रमण तिव्र रुपमा फैलिईरहेको वर्तमान सन्दर्भमा यसको रोकथाम, तथा नियन्त्रणका लागी यस सरावल गाउपालिकाको समुदायस्तरमा PCR परिक्षणको लागी नमुना पठाउने कार्य निरन्तर चलिरहेको र हालसम्म प्राप्त नतिजामध्ये यस गाउपालिका वडा नं. २ मा १ जना, वडा नं. ३ मा १ जना र वडा नं. ४ मा ५ जना वडा नं. ७ मा १ जना र एक जना स्वास्थ्यकर्मी गरी कुल जम्मा ९ जना संक्रमित देखिएको र संक्रमितहरुलाई निजहरुको स्वास्थ्य अवस्थाअनुसार होम आईसोलेसन तथा संस्थागत आईसोलेसनमा नियमित स्वास्थ्य कर्मीको निगरानीमा राखिएको र हालसम्म सवैको अवस्था सामान्य रहेको व्यहोरा अनुरोध गर्न चाहन्छौ। यस गाउँपालिका क्षेत्रभित्र समेत कोभिड-१९ संक्रमण देखीईसकेको र यसको दर अझ वढ्न सक्ने सम्भावनालाई दृष्टिगत गरी यसको रोकथाम र नियन्त्रणको लागी जिल्ला सुरक्षा समितिको मिति २०७७/०५/१५ गतेको निर्णयवमोजिम यस गाउँकार्यपालिका तथा अन्य समितिको आगामी वैठकवाट अनुमोदन गराउने गरी **मिति २०७७/०५/१५ गतेदेखी मिति २०७७/०५/२० गते राती १२** वजेसम्म देहायवमोजिम गर्नु गराउनुहुन अनुरोध गरिएको छ ।

- गाउपालिका मातहतको स्वास्थ्य शाखा तथा भुजहवा स्वास्थ्य चौकी वाहेक(स्वास्थ्यकर्मीको PCR रिपोर्ट नआएसम्म) सम्पुर्ण स्वास्थ्य चौकीवाट सम्पादन हुने सेवाहरु स्वास्थ्य सुरक्षा मापदण्ड पुर्ण रुपमा पालना गरी नियमित रुपमा प्रवाह गर्ने ।
- गाउपालिका कार्यालय एवं मातहतका वडा कार्यालय तथा पालिकास्थित वैंक, वित्तिय संस्थाहरुले अत्यावश्यक सेवाहरु न्युनतम जनशक्तीमा परिचालन गरी स्वास्थ्य सुरक्षा मापदण्ड पुर्ण रुपमा पालना गरी सेवा प्रवाह गर्ने ।
- विरामी एवं अत्यावश्यक काम वाहेक सकभर घरवाहिर ननिस्कने, भिडभाड नगर्ने, अत्यावश्यक आवत-जावत नगर्ने, जात्रा, महोत्सव सवै धर्म संस्कृत सम्वध्द सामाजिक तथा सास्कृतिक कार्यक्रम र क्रियाकलापहरु आयोजना नगर्नुहुन साथै घरवाहिर निस्कने पर्ने अवस्थामा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने सामाजिक दुरी कायम गर्ने लगायतका स्वास्थ्य सुरक्षा सतर्कता र मापदण्डको पुर्ण रुपमा पालना गर्ने ।
- यात्रुवाहक सार्वजनिक सवारी साधनहरु सञ्चालन नगर्नु नगराउनुहुन । साथै निजी सवारी साधन अत्यावश्यक काम वाहेक अन्य काममा प्रयोग नगर्नु नगराउनुहुन ।
- गाउपालिका स्थित सम्पुर्ण सामुदायिक एवं संस्थागत विद्यालय, मदरसा लगायतका सम्पुर्ण शैक्षिक संस्थाहरु,तालिम एवं प्रशिक्षण केन्द्रहरु, खेलकुद स्थल, व्युटी पार्लर, शैलुन लगायतका सेवा तथा स्थलहरु सञ्चालन नगर्नु नगराउनुहुन ।
- कोरोना भाईरस रोकथाम नियन्त्रणको लागी यस गाउँपालिकावाट हालसम्म जारी सुचनालाई पुर्णतः कार्यान्वयनमा सहयोग पुर्याउनुभएकोमा सम्पुर्ण सरावलवासी प्रती हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। साथै आगामी दिनहरुमा समेत सहयोगको अपेक्षा सहित आ-आफ्नो घरमा रही सुरक्षाका उपायहरु अवलम्वन गर्नु गराउनुहुन हार्दिक अनुरोध गर्दछु ।

२०७७/०५/१६

राधेश्याम चौधरी
अध्यक्ष